# मिति २०७६/०२/०२ गते वसेको वैठकको निर्णयहरु :

१) चन्द्रागिरी नगरपालिकाबाट माग भई आए अनुसार साविक जिल्ला विकास समितिको मिति २०७३/०२/३२ को निर्णयानुसार साविक जिल्ला विकास समिति र हाल जिल्ला समन्वय समितिको नाममा दर्ता कायम रहेको चन्द्रागिरी नगरपालिका वडा नं. १२ वलम्वुमा रहेको जग्गाको उत्तर पश्चिमतर्फको ३ रोपनी (हाल संचालनमा रहेको ड्राईभिङ्ग सेन्टरको उत्तर दिशाको छेउतर्फ) जग्गा उक्त नगरपालिकाको प्रशासकिय भवन निर्माणको लागि उपलव्ध गराउने र सो जग्गा प्राप्तिका लागि नगरपालिकाले "सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी मापदण्ड २०७१ को वुँदा नं. १३" वमोजिम प्रक्रिया अगाडि वढाउन नगरपालिकामा लेखी पठाउन निर्णय गरियो ।

२) मालपोत कार्यालय सांखुको मिति २०७५/११/०३ च.नं. ३९५८ को पत्र अनुसार महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदा राजश्व वांडफांडको सुत्र अनुसार वांडफांडको रकम पठाउँदा रकम रु. १,७१,४६२।०० वढी पठाएको भनी वेरुजु औंल्याएको रकम फिर्ता गरिदिनु हुन अनुरोध भई आएकोले म.ले.प.को अन्तिम लेखापरीक्षणबाट वेरुजु औंल्याएको रकम रु. १,७१,४६२।०० जि.स.स.को आन्तरिक कोष (विविध खाता) बाट मालपोत कार्यालय सांखुलाई फिर्ता दिने निर्णय गरियो ।

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/१२/१२ र मिति २०७६/०१/०९ गतेको निर्णयानुसार साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ती भएका कर्मचारीहरु जिल्ला भित्रका विभिन्न स्थानीय तहहरुमा समायोजन हुनु भएको र त्यसरी समायोजन भएका कर्मचारीहरुलाई जिल्ला समन्वय समितिको कार्यालयबाट समायोजन पत्र दिने भनी मन्त्रालयबाट निर्देशन भए अनुसार निजहरुलाई मिति २०७६/०२/०३ गते दिनको २.०० समायोजन पत्र प्रदान गर्ने । त्यसरी समायोजन हुनु भएका स्थायी कर्मचारीहरु र साविक जिल्ला विकास समिति र जिल्ला समन्वय समितिमा करार सेवामा रही कार्य गर्नु भएका कर्मचारीहरु समेतलाई निजहरुले गर्नु भएको योगदानको कदर स्वरुप कदर-पत्र प्रदान गर्ने निर्णय गरियो ।

४) जिल्ला समन्वय समितिको नाममा चन्द्रागिरी नगरपालिका वडा नं. १२ वलम्वुस्थित जग्गामा विगतमा जडान भएको विद्युत महशुल भुक्तानी भएको कारण लाईन काटिएको र काटिएको लाईनको विद्युतको वक्यौता रकम भुक्तानी गरी विद्युत लाईन जडान गर्ने भनी मिति २०७६/०१/०८ को निर्णयानुसार विद्युत लाईन जडान गर्ने कार्य सम्पन्न भई विद्युत लाईन सुचारु भएको । लाईन सुचारु गर्ने क्रममा वक्यौता महशुलको अतिरिक्त पुनःजडान खर्च (Reconnection Charge), Load Increase, निवेदन दस्तुर, मिटर वक्स खरिद, तार र अन्य जडानको लागि आवश्यक सामग्रीमा खर्च भएको विल वमोजिमको जम्मा रकम रु. १३,२४२।०० भेहिकल एकेडेमी एण्ड रिसर्च सेन्टर प्रा.लि., वलम्वु काठमाडौं (जि.स.स.को जग्गा भाडामा प्रयोग गर्ने फर्म) को नाममा सोधभर्ना स्वरुप जि.स.स.को आन्तरिक कोष (विविध खाता) बाट उपलव्ध गराउने निर्णय गरियो ।

५) जिल्ला समन्वय समितिको कार्यालय लगायत स्थानीय तहहरुको लागि मन्त्रालयको मिति २०७५/०९/१५ चलानी नं. २१५ को पत्रबाट प्राप्त संगठन संरचना र दरवन्दी तेरिज अनुसार जिल्ला समन्वय समितिका प्रमुखज्यूको लागि एक जना नायव सुव्वा (रा.प.अनं. प्रथम) स्तरको कर्मचारी निजी सचिवको रुपमा करारमा पदपूर्ति गर्न सकिने व्यवस्था भए वमोजिम जिल्ला समन्वय समिति, काठमाडौंको लागि मिति २०७५/११/२८ मा सूचना प्रकाशित गरी उल्लेखित पदमा नायव सुव्वा (रा.प.अनं.प्रथम) स्तरको एक जना कर्मचारी पदपूर्ति सम्वन्धी कार्यको लागि सम्वन्धित शिर्षक (भत्ता) मा रकम नभएकोले जि.स.स.को मौज्दात कोषमा वांडफांड गरिएको विविध खर्च शिर्षक नं. २२७११ बाट खर्च गरिएको हुँदा खर्च भएको रकम रु. २५५००।०० (पच्चिस हजार पाँच सय मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

५) जिल्ला समन्वय समितिका उपपप्रमुख श्री सरिता दाहालको सासु स्व. निलकुमारी (देवी) दाहालको ८४ वर्षको उमेरमा मिति २०७६/०१/२८ गतेका दिन असामयिक निधन हुनु भएको हुँदा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय समितिका सदस्य श्री तेजिला थापाको ससुरा स्व. गुण वहादुर थापाको ७७ वर्षको उमेरमा मिति २०७५/११/०७ गतेका दिन असामयिक निधन हुनु भएको हुँदा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

६) जिल्ला समन्वय समितिको नाममा चन्द्रागिरी नगरपालिका वडा नं. १२ वलम्वुस्थित जग्गामा रहेको जग्गाको मुलसडकतर्फ रहेको चाईनिज ईट्टाले वनेको २ वटा भवनको हालको अवस्थाको अध्ययन गरी के गर्न उपयुक्त हुन्छ ? सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय वमोजिमको समिति गठन गर्ने र सो समितिले स्थलगत अध्ययन गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| जि.स.स. सदस्य श्री उद्धव भण्डारी, जि.स.स. काठमाडौं | संयोजक |
| जि.स.स. सदस्य श्री तेजिला थापा, जि.स.स. काठमाडौं | सदस्य |
| ईन्जिनियर प्रतिनिधि, संघीय सचिवालय भवन निर्माण तथा मर्मत | सदस्य |
| शाखा अधिकृत श्री घनश्याम तिमिल्सिना, जि.स.स. काठमाडौं | सदस्य |

उल्लेखित समितिले प्रतिवेदन तयारीको लागि सम्वन्धित विषयको प्राविधिक रुपमा जानकार/विज्ञको आवश्यक परामर्श एवं सहयोग लिन सक्नेछ । त्यसरी सहयोग लिए वापत निजलाई नियमानुसार जि.स.स.बाट पारिश्रमिक उपलव्ध गराउने ।